**देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०६/२१ को वैठकको मुख्य मुख्य निर्णयहरु यस प्रकार रहेका छन ।**

१. देवघाट गाउँपालिकाको वार्षिक स्वीकृत बजेट अन्तर्गत पशु स्वास्थ्यसँग सम्बन्धित औषधी खरिदका लागि वडा कार्यालयहरुमा रकम छुट्याइएकोमा ५ वटै वडाका लागि वडा कार्यालयको माग सिफारिस संकलन गरी देवघाट गाउँपालिका पशु स्वास्थ्य शाखाको सिफारिस बमोजिम पशुजन्य औषधीहरु एकमुष्ट खरिद गरी बजेट रकमको अनुपातमा सम्बन्धित वडाहरुमा वितरण गर्ने निर्णय गरियो ।

२. यस गाउँपालिकामा कार्यालय प्रमुखको लागि स्थायी रुपमा आवासको व्यवस्था नभएकोले कामकाजलाई सहजीकरण गर्नका लागि आवास र जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

३. स्थानीय उत्पादन बिक्री तथा व्यवस्थापन कार्यको लागि ७ दिने शिलवन्दी दरभाउ पत्र आह्वान गरि आन्तरिक आयको ठेक्का लगाउने निर्णय गरियो ।

४. यस वर्षको वडा दशै तथा तिहारको सार्वजनिक विदाका दिन देवघाट गाउँपालिकाको कार्यालयको रेखदेख निरीक्षण तथा स्वास्थ्य संस्था एंव स्वास्थ्य चौकीका स्वास्थ्य सेवामा खटिने कर्मचारीलाई दैनिक रु. १०००/- (अक्षरुपी एक हजार रुपैंया मात्र) भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

५. देवघाट गाउँपालिका वडा नं. ४ स्थित प्रेम बहादुर भुजेलको पार्लाङ स्थित जग्गामा लगाइएको फलफूल विरुवामा अत्यधिक वर्षाका कारण बाढी पहिरो आई क्षति भएकोले क्षतिपूर्ति वापत वडा स्तरीय विपद् बजेटबाट रु. ५,०००।– (अक्षरुपी पाँच हजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

६. देवघाट गाउँपालिका वडा नं. ५ स्थित कालिका मा.वि. मा सितेरियो कराँते प्रशिक्षण कार्यक्रम संचालन भइरहेकोले सो विद्यालयको माग बमोजिम उक्त खेलसँग सम्बन्धित खेल सामाग्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

७. यस कार्यालयबाट मिति २०८०/०५/१९ मा ठेक्का नं. NCB/DRM/GOODS/04/2080/81 **ब्याक हो लोडर** खरिदको लागि ई-बिडिङ मार्फत बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा सो ठेक्का विरुद्ध पहिलो पटक एउटा उजुरी परी ब्याक हो लोडरको स्पेशिफिकेशनमा कार्यपालिकाको मिति २०८०/०६/०५ को निर्णयानुसार मिति २०८०/०६/०८ मा पहिलो स्पेशिफिकेशनमा संशोधन गर्दा समेत सो उपर ३ (तीन) वटा उजुरीहरु तथा निवेदनहरु प्राप्त हुन आएको अवस्थालाई मध्यनजर गरी पुन: सो स्पेशिफिकेशन पुनरावलोकन गर्ने निर्णय गरियो ।

८. यस कार्यालय वा अन्तर्गतका कार्यालयमा कार्यरत करार, कार्यक्रम तथा ज्यालादारीमा कार्यरत रही ६ महिना सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई वार्षिक रुपमा दोहोरो नपर्ने गरी चाडपर्व खर्च तथा पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

९. यस गाउँपालिका क्षेत्र भित्र लोपोन्मुख सम्प्रदायका बोटे जातिहरुले परापुर्व कालदेखी अपनाउँदै आएको नदी वारपार गर्न डुङ्गा तार्ने पेशाको संरक्षणको लागि यस गाउँपालिकाले आवश्यक पहल गर्ने र हाल देवघाट क्षेत्र विकास समितिले वेणी संगममा तिर्थ यात्रीहरु वारपार गर्न संचालन गरेको डुङ्गा तार्ने बोटे जातिको पेशाको संरक्षणको सुनिश्चित हुने गरी व्यवस्था गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

१०. बिहानी ब्रोडकास्टिङ्ग मिडिया प्रा.लि. लाई कार्यक्रम, जनहितमा आधारित सूचना तथा संचार र विज्ञापन वापत गत आर्थिक वर्षमा उपलब्ध गराईएको रकममा नबढ्ने गरी रु. २,२०,०००।– (अक्षरुपी दुई लाख बीस हजार रुपैंया मात्र) र रेडियो देवघाटलाई रु. २,००,०००।– (अक्षरुपी दुई लाख रुपैंया मात्र) सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो ।

११. यस कार्यालयमा कार्यरत रहनु भई मनहरी गाउँपालिकामा सरुवा भई जानु भएका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी यस कार्यालयमा रही पदीय कर्तव्यका साथ कार्य सम्पादन गरे बापत धन्यवाद दिदै घरपझोङ गाउँपालिकाबाट यस कार्यालयमा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत गौरी प्रसाद आचार्यलाई स्वागत गर्ने निर्णय गरियो ।